

## मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
## पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ११ गते आइतबार ❑ 27 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


# स्याङ्जाले सरकारलाई पठायो ८६ करोड राजस्व

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १० साउन

स्याङ्जाले आर्थिक बर्ष २०८१/०८२ मा संघ र प्रदेश सरकारलाई ८६ करोड रकम राजस्व दाखिला गरेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको तथ्याङ्क अनुसार संघ र प्रदेश सरकारलाई ८६ करोड ३१ लाख १३ हजार ९ सय १३ रुपैयाँ राजस्व दाखिला गरेको हो।

सरकारी कामकाजको सुविधा उपभोग गरे वापत प्रत्येक नागरिकले सरकारलाई राजस्व बुझाउनु पर्ने कानुनी व्यवस्था छ। सोही व्यवस्था अनुसार जिल्लाका सरकारी कार्यालयहरुले संघ र प्रदेश सरकारको राजस्व खातामा उक्त रकम दाखिला गरेका हुन् । गत आर्थिक बर्ष २०८०/०८१ मा भन्दा आर्थिक बर्ष २०८१/०८२ मा स्याङ्जाबाट संकलन हुने राजस्वमा कमी समेत आएको कोलेनिकाको तथ्याङ्कमा देखिएको छ । सरकारको मुख्य आयश्रोतको रुपमा रहेको राजस्व घट्नु आर्थिक सूचकका लागि नकरात्मक मानिन्छ । संघ सरकारको राजस्व घटेको देखिएको छ भने प्रदेश सरकारको राजस्व बढेको देखिन्छ। संघ सरकारलाई आर्थिक बर्ष २०८१/०८२ मा ६६ करोड १५ लाख ८० हजार ३ सय ६० रुपैयाँ राजस्व संकलन भएको छ भने प्रदेश सरकारलाई २० करोड १५ लाख ३३ हजार ५ सय ५३ संकलन भएको कोलेनिका स्याङ्जाले जनाएको छ । आर्थिक बर्ष २०८०/०८१ मा भन्दा आर्थिक बर्ष २०८१/०८२ मा संघ र प्रदेश सरकारलाई दाखिला गरेको राजस्वको तथ्याङक अनुसार हेर्ने हो भने ९ करोड ८० लाख ५४ हजार ५ सय ७१ कमी भएको देखिन्छ।

दुई आर्थिक बर्षको तुलनामा आर्थिक बर्ष २०८०/०८१ मा भन्दा आर्थिक बर्ष २०८१/०८२ मा संघ सरकारलाई १३ करोड ९४ लाख ७९ हजार ४ सय ३३ रुपैयाँ राजस्व कम संकलन भएको छ। ०८०/०८१ मा स्याङ्जाले संघ सरकारलाई ८० करोड १० लाख ५९ हजार ७ सय ९३ रुपैयाँ पठाएको थियो । यसको तुलनामा प्रदेश सरकारलाई भने ४ करोड १४ लाख २४ हजार ८ सय ६२ रुपैयाँ राजस्व बढी संकलन गरेको छ । आर्थिक बर्ष २०८०/०८१ मा प्रदेश सरकारलाई १६ करोड १ लाख ८ हजार ६ सय ९१ रुपैयाँ राजस्व दाखिला भएको कोलेनिका प्रमुख थमनारायण शर्माले बताए।

राजस्वमा कमी आउनु विदेश पलायन भएको कोलेनिका प्रमुख शर्माको बुझाई छ। कमाउने र खर्च गर्ने वर्ग भनेको युवा नै हो उनले भने, 'यो वर्ग नै विदेश पलायन छ जसले गर्दा आर्थिक चलायमान नै छैन ।' जसले गर्दा व्यपार व्यवसायमा मन्दी छ जुन मन्दीले मुलुकको राजस्वमा समेत प्रभाव पारेको छ उनले भने। स्याङ्जामा मात्रै नभएर देशभरी नै राजस्वमा गिरावट आएको शर्माको भनाई छ । बजार चलायमान छैन, होटल, रेष्टुरेन्ट, फेन्सी लगायतका व्यवसायमा कारोबार भएको छैन । व्यवसायीहरु पनि पलायन हुने अवस्थाले गर्दा राजस्व संकलनमा कमी आएको कोलेनिका प्रमुख शर्माको बुझाई छ । संघ सरकारलाई सबैभन्दा धेरै राजस्व करदाता कार्यालय स्याङ्जाले पठाएको छ । करदाता कार्यालय स्याङ्जाले ५३ करोड ३१ लाख ५१ हजार ४२ रुपैयाँ रकम संकलन गरेको थियो । संघ सरकारका लागि ४० कार्यालयले राजस्व संकलन गर्ने गर्दछन् । जसमध्ये १३ कार्यालयले राजस्व नै पठाउन सकेनन् । राजस्व पठाउन नसक्ने कार्यालय मालपोत कार्यालय स्याङ्जा, दुर्गा भन्जन गुल्म, वडा प्रहरी कार्यालय वालिङ, निर्वाचन कार्यालय, जिल्ला आयोजना कार्यन्वयन इकाई (शिक्षा), जिल्ला आयोजना कार्यन्वयन इकाई (अनुदान व्यवस्थापन) कार्यालय, तथ्याङ्क, राष्ट्रिय अनुसन्धान, जिल्ला आयोजना कार्यन्वयन इकाई (भवन तथा आवसीय), इलाका प्रहरी कार्यालय मग्याम चिसापानी, समरजित गुल्म लगायतका रहेका छन् । त्यस्तै प्रदेश सरकारलाई सबैभन्दा धेरै राजस्व पूर्वाधार कार्यालय स्याङ्जाले पठाएको छ। आर्थिक बर्ष २०८१/०८२ मा पूर्वाधार कार्यालयले १४ करोड २० लाख ३५ हजार १३ रुपैयाँ राजस्व प्रदेश सरकारलाई पठाएको छ । सबैभन्दा कम राजस्व जिल्ला अस्पताल स्याङ्जा रहेको छ । जिल्ला अस्पतालले प्रदेश सरकारलाई ३ सय राजस्व पठाएको छ । कोलेनिकाले दिएको तथ्याङ्क अनुसार ३५ सरकारी कार्यालयले प्रदेश सरकारको राजस्व संकलन गर्दछन् । जसमा ११ सरकारी कार्यालयले प्रदेश सरकारलाई राजस्व पठाउन सकेनन् । जसमा आँधीखोला, अर्जुनचौपारी, फेदिखोला, हरिनास गाउँपालिका र गल्याङ नगरपालिका रहेका छन्। त्यसैगरी रेशम विकास कार्यक्रम, बहुप्राविधिक शिक्षालय, प्रदेश लेखा इकाई कार्यालय, जिल्ला आयुर्वे स्वास्थय केन्द्र, किसान बहुप्राविधिक शिक्षालय लगायतका कार्यालयहरु रहेका छन् । संघ सरकारलाई अन्तशुल्क, भ्याट लगायत मालपोतको पुँजीगत लाभांश बापतको राजस्व संकलन हुन्छभने प्रदेश सरकारलाई मालपोत कर, दहत्तहरबहत्तर कर सवारी कर लगायत संकलन हुने गर्दछन् । आँधीखोला गाउँपालिकाले भने प्रदेश सरकारलाई पठाउनुपर्ने राजस्व दाखिला गरेको दावी गरेको छ । कोलेनिकामा आँधीखोला गाउँपालिकाको राजस्व संकलनमा शुन्य देखाएपछि सोधेको प्रश्नमा प्रमुख प्रशासकीय अधिकृतले राजस्व दाखिला गरेको जिकिर गरे।

# गण्डकी प्रदेश प्रमुखद्वारा पूर्व प्रमुखको निधनमा शोक व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले पूर्व प्रदेश प्रमुख पृथ्वीमान गुरूङको शनिबार बिहान निधन भएकोमा दुःख व्यक्त गर्नुहुँदै श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

शोक सन्देश जारी गर्नुहुँदै प्रदेश प्रमुख भट्टले गुरूङको असामयिक निधनबाट आफू अत्यन्त दुःखित भएको उल्लेख गर्नुभएको छ । 'करिब ३२ महिना गण्डकी प्रदेशबासीको अभिभावकका रूपमा प्रदेश प्रमुख पदमा रही प्रदेशको गहन जिम्मेवारी वहन गर्नुभएका कुशल एवं अनुभवी व्यक्तित्व गुरूङको निधनबाट ठूलो क्षति पुगेको मैले महसुस गरेको छु ।' उहाँले भन्नुभएको छ।

शोक सन्देशमा उल्लेख छ - 'आफ्ना सबल अभिभावक गुमाएका स्वर्गीय गुरूङका शोक सन्तप्त परिवारजन र स्वजनहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै उहाँहरूप्रति समग्र गण्डकी प्रदेशबासी र मेरो व्यक्तिगत तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछु ।'

गण्डकी प्रदेशकै कास्की जिल्ला साविक घलेल गाविस वडा नं. ४ मा जन्मनुभएका गुरूङका परिवार बसाइँसराइँ गरी हाल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २६, दिव्यनगरमा बस्दै आउनुभएको थियो । पछिल्लो समय क्यान्सरसँग लडिरहनुभएका पूर्व प्रमुख गुरूङको ७६ वर्षको उमेरमा दिव्यनगरस्थित निवासमै शनिबार बिहान निधन भएको हो। उहाँको आइतबार मात्रै अन्त्येष्टि गरिने परिवारले जनाएका छन् । २०७८ साउन १२ गते प्रदेश प्रमुखमा नियुक्त हुनुभएका गुरूङ २०८० फागुन २८ गते पदमुक्त हुनुभएको थियो।

# 'समृद्ध तनहुँ बनाउन सबैबीच हातेमालो आवश्यक छ'

**पोखरापत्र संवाददाता**
तनहुँ, १० साउन



सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले समृद्ध तनहुँ बनाउने अभियानमा सबै एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभएको छ।

तनहुँ उद्योग वाणिज्य सङ्घले आज दमौलीमा आयोजना गरेको स्वागत एवं सम्मान कार्यक्रममा उहाँले दलगत आस्थाभन्दा माथि उठेर तनहुँको विकासमा लाग्नुपर्ने बताउनुभयो । मन्त्री न्यौपानेले विकास निर्माणमा राजनीति नगरी एकताबद्ध भएर हातेमालो गर्न सबैलाई आग्रह गर्नुभयो । उहाँले उद्योग व्यवसायमार्फत देश विकासमा लागिरहेका सम्पूर्ण व्यवसायीको समस्या समाधानका लागि सरकार गम्भीर रहेको उल्लेख गर्नुभयो। "समाज परिवर्तनका लागि लागिरहनुभएका उद्योगी व्यवसायीका समस्या समाधानबारे म पनि जानकार छु। निजी क्षेत्र विकासको मुख्य सम्वाहक भएकाले यहाँहरूका समस्या समाधानमा सरकार प्रतिबद्ध छ र मेरो तर्फबाट आवश्यक सहजीकरण गर्न म सधैँ तयार छु", मन्त्री न्यौपानेले भन्नुभयो । कार्यक्रममा सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्रले व्यवसायमा अनेक किसिमका समस्या आउँदा आफूहरू मर्कामा परेको बताउनुभयो । सङ्घका निवर्तमान अध्यक्ष पविन्द्रकुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष इमकुमार मल्लले व्यावसायिक वातावरण राम्रो बनाए मात्र देशको अर्थतन्त्र सुधार हुने भन्दै यसमा ध्यान दिन आग्रह गर्नुभयो।

# पशुपालनमा जलवायु संकट: गण्डकी प्रदेशको अनुसन्धान प्रतिवेदन सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



गण्डकी प्रदेशमा जलवायु परिवर्तनका कारण पशुपालन क्षेत्रमा देखिएको प्रभाव र किसानहरूले अपनाएका अनुकुलन रणनीतिसम्बन्धी सहकार्यात्मक अनुसन्धान प्रतिवेदन शनिबार पोखरामा सार्वजनिक गरिएको छ।

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरस्थित अनुसन्धान समन्वय तथा विकास परिषदअन्तर्गतको अनुसन्धान विभागले वित्तीय सहयोग गरेको परियोजनाको नतिजा सार्वजनिक गोष्ठीमा प्रस्तुत गरिएको हो । अनुसन्धान गण्डकीका पाँच जिल्लाका १ हजार १ सय ५८ घरधुरी र ११ वटा समूहगत छलफलबाट संकलित तथ्यमा आधारित थियो।

अनुसन्धान परियोजनाका प्रमुख अनुसन्धानकर्ता (प्रिन्सिपल इन्भेस्टिगेटर) प्राडा विकासकुमार केसीले प्रतिवेदन प्रस्तुत गर्दै गण्डकी प्रदेशमा तापक्रम बृद्धि र वर्षा घट्दो क्रममा रहेको तथ्य प्रस्तुत गरे । गोष्ठीमा जनाइएअनुसार जलवायु परिवर्तनका प्रतिकूल प्रभाव पशुपालनमा प्रत्यक्ष देखिन थालेका छन् । पशु स्वास्थ्य, प्रजनन क्षमता, उत्पादन र आहारको अभाव जस्ता समस्या तीव्र भएको बताइएको छ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय अनुसन्धान विभागका निर्देशक प्राडा किशोर कोइरालाले विश्वविद्यालयमा अनुसन्धानको संस्कृतिको विकास हुँदै गएको उल्लेख गर्दै आज सहकार्यात्मक अनुसन्धानका लागि पर्याप्त बजेट भएकोले प्राध्यापकहरूले ज्ञान निर्माणतर्फ गम्भीर हुनुपर्ने बताए। अनुसन्धान विभागका प्रमुख प्राडा नरेन्द्र खनालले बारम्बारको प्रस्तुति र संशोधनपछि तयार भएको यो प्रतिवेदन नीति निर्माण र कार्यान्वयनमा मार्गदर्शक बन्न सक्ने बताए । गण्डकी विश्वविद्यालयका उपकुलपति प्राडा नवराज देवकोटाले यो अनुसन्धान क्यु वान जर्नल र अन्य ८ वटा प्रतिष्ठित जर्नलहरूमा प्रकाशन भएको जनाउँदै यसको अन्तर्राष्ट्रिय महत्व रहेको बताए । उनले कृषि विकासमा पशुपालनको अनिवार्यता औंल्याउँदै शोधले किसानका समस्यालाई समेटेकोमा प्रशंसा गरे । अनुसन्धान प्रतिवेदनमाथि प्राडा लेखनाथ भट्टराई, प्राडा शोभाकान्त लामिछाने, डा. लिला पुरी, डा. श्रीकान्त शर्मा खतिवडा, डा. कृष्ण पौडेल, डा. शान्त खत्री, डा. रामजी पोखरेल, डा. खगेन्द्र शर्मा, भानु पराजुली, सुरेश रानाभाट लगायतले धारणा राखेका थिए।

सहभागीहरूको जिज्ञासालाई जवाफ दिँदै टिम लिडर प्राडा विकासकुमार केसीले आगामी दिनमा थप अनुसन्धान गर्ने प्रतिबद्धता जनाए। परियोजनामा प्राडा विकासकुमार केसीसँगै डा. अनन्तराज ढुंगाना र डा. पूर्णबहादुर खाँडको सक्रिय सहभागिता रहेको थियो।

# नीति र विचारका आधारमा मात्रै कम्युनिष्ट एकता हुनुपर्छः अध्यक्ष दाहाल

**रासस**
पोखरा, १० साउन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नीति र विचारका आधारमा कम्युनिष्ट एकता हुनुपर्ने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको जन्मशताब्दी तथा ४७औं स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा उहाँले दलाल पुँजीवादको पक्षपोषण नगरी त्यसविरुद्ध सङ्घर्ष गर्ने वाम शक्तिबीच एकता हुन सक्ने बताउनुभयो। "म पनि कम्युनिष्ट एकताको पक्षपाती हो । तर, विगतबाट पाठ सिक्नुपर्छ, नीति र विचारमा एकता हुनुपर्छ", अध्यक्ष दाहालले भन्नुभयो, "दलाल, पुँजीवादका विरुद्ध एक हुने सङ्कल्प गर्नु पुष्पलालप्रति सम्मान हो, कम्युनिष्ट एकता त्यहीँबाट सुरु हुन्छ।" पुष्पलालले अघि सारेका विचारबाट निर्देशित हुने र त्यसको अनुशरण गरे मात्रै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुने

बाँकी अन्तिम पृष्ठमा ▶▶


## सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
## हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा–मुग्लिन सडक: पश्चिम खण्डको भौतिक प्रगति ५५ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा-मुग्लिन सडकको पश्चिम खण्ड (पोखरा-जामुने)को भौतिक प्रगति ५५.१० र वित्तीय प्रगति ४२.५० प्रतिशत पुगेको छ। कुल ३८.८८ किमी दूरीको उक्त खण्डमा हालसम्म ३७.७० किमीमा एकतर्फी पहिलो तहको कालोपत्र भइसकेको आयोजना कार्यालयले जनाएको छ।

उक्त खण्डका प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरका अनुसार २६.३८ किमीमा दुईतर्फी (चार लेन) र १०.३२ किमी सडकमा एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको छ। विसं २०७८ भदौदेखि निर्माण सुरु गरिएको उक्त खण्डको ठेक्का म्याद आगामी पुससम्म रहेको छ। निर्माण कम्पनीले समयमा काम नगरेपछि यसअघि दुईपटकसम्म म्याद थप भएको इन्जिनियर कुँवरले बताउनुभयो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले उक्त खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो।

तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इन्जिनियर कुँवरले बताउनुभयो । पश्चिम खण्डमा पर्ने १३ वटा पुलमध्ये ११ पुल बनिसकेको र दुई पुल निर्माणाधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो । १०५ वटा कल्भर्टमध्ये १०३ वटा निर्माण भइसकेका छन् । तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१,फेदीखोला-२,रुदीखोला, हलेदीखोला,कालीखोलारकास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो । सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ । विजयपुर खोला पुलको भौतिक प्रगति ६० प्रतिशत पुगेको छभने सेती पुलको भौतिक प्रगति ४८ प्रतिशत पुगेको छ । विजयपुर पुल बन्न अझै पाँचदेखि छ महिनासम्म लाग्ने इन्जिनियर कुँवरले बताउनुभयो । आगामी भदौमा तीनवर्षे ठेक्का अवधि सकिन लागेको सेती पुलको भौतिक प्रगति पनि न्यून देखिएको छ। विसं २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो । पुलको डिजाइन स्वीकृतदेखि मापदण्डभित्रका संरचना हटाउनेसम्मका काममा ढिलाइ भएकाले पुल समयमा बन्न नसकेको इन्जिनियर कुँवरले बताउनुभयो । केवल-स्टेड प्रविधिको उक्त पुलमा सब-स्ट्रक्चरको काम सकिएको र अहिले डाउनस्ट्रिम पुलमा सुपर-स्ट्रक्चरको काम भइरहेको उहाँको भनाइ छ । आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ । छ लेनको उक्त सडकमा अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा सिग्नेचर पुल बन्ने भएका हुन् ।

भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा पुल निर्माणको काम भइरहेको हो । पुलमा कङ्क्रिट र फलामको प्रयोग गरिएको छ । ५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको उक्त सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो । निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ। गण्डकी प्रदेशको 'लाइफलाइन'का रूपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा भने हालसम्म भौतिक प्रगति ८६ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ।

# तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव ६ भाद्रदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



नेपाली महिलाहरुको महान पर्व हरितालिका तीज २०८२ को अवसर पारि पोखरा महानगरपालिका वडा नम्बर १ स्थित पुरानो टुँडिखेलमा तीज महोत्सव हुने भएको छ । टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको आयोजनामा आउदो ६ देखि १५ भाद्रसम्म तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ हुने भएको हो।

आयोजक केन्द्रले महोत्सवको मिति तय सगै तयारी समेत तिव्र पारेको छ। महोत्सव सम्पन्न गर्न आयोजक केन्द्रमा अध्यक्ष भानुभक्त अधिकारीको संयोजकत्वमा पोखरा १, २ र ३ नम्बर वडामा रहेका सम्पूर्ण संघ संस्था, आमा समूह, क्लब, टोल सुधार समिति, वित्तिय संस्था, विद्यालय लगायत विभिन्न क्षेत्रमा क्रियाशिल संघ संस्थाका प्रमुख एंव प्रतिनिधिहरुको प्रतिनिधित्व हुने गरि मूल आयोजक समिति, ३९ सदस्य सम्पादन समिति, विभिन्न ३८ वटा उपसमिति, ३१ सदस्य मेला संरक्षक समिति, १३१ सदस्य सल्लाहकार समिति गठन गरिएको आयोजक केन्द्रका सचिव समेत रहेका सचिवालय व्यवस्थापन उपसमितिका संयोजक दृर्गाप्रसाद अधिकारीले जानकारी दिए । महोत्सवको तयारीका क्रममा शनिबार महोत्सव कार्य सम्पादन समिति एंव सरोकारवालाहरुको बैठक सम्पन्न भएको छ । बैठकमा आयोजक संस्थाका अध्यक्ष एंव मूल आयोजक समितिका संयोजक अधिकारीले ऐतिहासिक टुँडिखेलको संरक्षण, परम्परागत नेपाली कला संस्कृतीको संरक्षण, महिला दिदी-बहिनीहरुद्वारा उत्पादित वस्तुहरुको प्रदर्शनी, नृत्य र संगीत मार्फत महिला सशक्तिकरणमा टेवा पुर्याउने, तीजलाई भड्किला नभई मौलिक तीजको रुपमा विकास गर्ने, लोपउन्मुख संस्कृतिको जगेर्ना, अन्तरनिहित प्रतिभाको लागि स्थान र वातावरण उपलब्ध गराउने उदेश्य महोत्सवको रहेको बताए। सांस्कृतिक, खेलकुद तथा ज्ञानवर्द्धक एवम् मनोरञ्जनात्मक कार्यक्रम संचालन, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धना टेवा पुर्याउने, इन्द्रेणी एकेडेमीमा रहेका बालबालिकाहरुको समग्र स्तर उन्नति गर्ने, निर्माण सम्पन्न इन्द्रेणी आवाशिय क्रियाकर्म भवनलाईलाई सुविधासम्पन्न बनाउने, शव यात्रा वाहन सञ्चालन गर्ने उदेश्य समेत महोत्सवको रहेको अधिकारीले जानकारी दिए । १० दिने महोत्सवमा मौलिक तीजगीत प्रतियोगिता (आमा समूहगत), खुल्ला एकल नृत्य प्रतियोगिता, परम्परागत सिप ढिँकी जातो प्रतियोगिता, छेलो हान्ने प्रतियोगिता समेत संचालन हुनेछन् । यसै गरि मेलामा दैनिक उपभोग्य सामान, कृर्षि, हस्तकला, बैक तथा वित्तिय सस्था, लत्ता कपडा, रेष्टुरेन्ट लगायत विभिन्न स्टलहरु सगै राष्ट्रिय तथा स्थानीय कलाकार हरुको प्रस्तुती सगै वाल उद्यान समेत रहनेछ। आयोजक केन्द्रका उपाध्यक्ष एंव अर्थ संकलन उपसमितिका संयोजक निरज विक्रम राणका अनुसार महोत्सव संचालनका लागि ६९ लाख आम्दानी, ६४ लाख ५० हजार खर्च, चार लाख ५० हजार बचत हुने अनुमान रहेको र बचत रकम विभिन्न सामाजिक काममा खर्च गरिने जानकारी दिए।

# २६ करोडको लागतमा सिंचाई र तटबन्धन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० साउन

स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा झण्डै २६ करोडको लागतमा सिँचाई र नदि नियन्त्रण अर्थात तटबन्धन निर्माण गरिएको छ। जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयले २५ करोड ५० लाखको लागतमा सिँचाई र तटबन्धन निर्माणको काम गरेको हो।

कार्यालयको पुँजीगत कुल २७ करोड ९९ लाख ९ हजार बजेटमा ९१ दशमलब १० प्रतिशतले हुने २५ करोड ५० लाखको लागतमा सिँचाई र तटबन्धनको काम गरेको छ । प्रदेशको पुँजीगत १३ करोड ९४ लाख ७८ हजार, संघीय सरकारको सशर्त ५ करोड ६२ लाख ६३ हजार र बिशेष अनुदान तर्फको ६ करोड ४९ लाख ८२ हजारको लागतमा सिँचाई तथा तटबन्धनको काम भएको छ। उक्त बजेटबाट सिँचाई तर्फ झण्डै २७ किलोमिटर पक्की नहर र करिब ५ किलोमिटर पाईप लाईनको मर्मतसम्भार गरिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सोहि शिर्षकमा १७ वटा कुलो तथा कुलोको मुहान र ६२ वटा सिँचाईका अन्य संचारनाको निर्माण तथा मर्मत गरेको हो । आर्थिक वर्ष २०८१/०८२ मा २ सय ७५ हेक्टर जमिनमा पुर्याएको सिँचाई सुविधालाई दिगो र टिकाउ बनाएको कार्यालय प्रमुख किरण आचार्यले बताए । 'कृषक कुलो सुधारबाट १ सय ९४, पुर्नस्थापना, सुधार र संरचना नविकरणबाट ८१ गरी २ सय ७५ हेक्टर जमिनमा सिँचाई पुर्याएका छौं ।' प्रमुख आचार्य भने, 'नयाँ बनेका संरचना र मर्मत भएका योजनाहरु दिगो र टिकाउ छन् ।'सिँचाई कार्यालयले गएको वर्ष ड्याम सहित झण्डै २९ सय २० मिटर लम्बाईको पक्की तटबन्धन, करिब ५ सय मिटर तारजाली सहितको पर्खाल (ग्याबिन वाल) र ६ वटा तटबन्धनका अन्य संरचना निर्माण गरेको छ । कार्यालयले ७ सय ३२ तारजालीको प्रयोगबाट नदी नियन्त्रणसँगै विपद्बाट क्षतिग्रस्त संरचना र भूक्षय नियन्त्रण र रोकथाममा योगदान पुर्याएको छ। विशेष गरी फेदीखोलामा ४, आँधीखोलामा ९, पुतलीबजारमा १६, भीरकोटमा ६, वालिङमा १४, गल्याङमा ८, अर्जुनचौपारीमा ६ र कालिगण्डकीमा ३ वटा योजनाबाट दरौ, आँधीखोला तटबन्धन र सिँचाई सुविधा विस्तारमा झण्डै १५ करोड खर्च गरिएको छ भने उता बिरुवामा २, हरिनासमा ४ र चापाकोटमा ११ योजनाबाट ज्यादीखोलाको नियन्त्रणलाई प्राथमिकता राखेर सिँचाई सुविधा दिगो र भरपर्दो बनाउन १० करोडको हाराहारीमा रकम खर्च गरेको कार्यालयले जनाएको छ । कार्यालयबाट संचालित अधिकांश योजनाहरु बहुवर्षिय छन् भने धेरै योजनाहरु उपभोक्ता समितिबाटै निर्माण गरिन्छ।

ठूला र नगन्य आधा दर्जन योजनाहरु मात्रै टेण्डरबाट निर्माण भएको जानकारी दिदै कार्यालयका सूचना अधिकारी सुनिल के.सी.ले गएको वर्ष जिल्लामा समिति र ठेक्कपट्टाबाट झण्डै ९० वटा योजनाहरुको निर्माण तथा मर्मत भएको जनाए । जिल्लमा नहर तथा कुलोबाट करिब १० हजार र खहरेखोला, मौसमी वर्षातबाट झण्डै ६ हजार हेक्टर खेती योग्य जमिनमा सिँचाई हुने सरकारी तथ्याङ्क छ । सिँचाईका लागि नहर, कुलो निर्माण तथा सिञ्चित जमिनको क्षेत्रफल बढ्दै गएपनि खेती योग्य भूभाग खुम्चदै गएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७७/०७८ मा १६ हजार ८ सय ३० हेक्टर जमिन भएकोमा ४ वर्षको अन्तरमा पछिल्लो वर्ष १४ हजार हेक्टर मात्रै खेती योग्य जमिन रहेको तथ्याङ्कले देखाउँछ।

# गणित शिक्षा परिषदको सातौँ जिल्ला अधिवेशन

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



गणित शिक्षा परिषद कास्कीको सातौँ जिल्ला अधिवेशन साउन १० गते आगामी ३ वर्षे कार्यकालको लागि खगेन्द्रराज बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरि सम्पन्न भयो।

एस ओ एस हरमन माइनर गण्डकीको व्यवस्थापनमा परिषदका जिल्ला अध्यक्ष डिल्लीराम अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको औपचारिक सत्रका प्रमुख अतिथि राष्टिय परीक्षा बोर्ड पोखराका प्रमुख गोविन्दराज पोखरेल हुनुहुन्थ्यो भने प्रदेश अध्यक्ष बेदप्रकाश शर्मा, पूर्व अध्यक्ष एवम सल्लाहकारहरु त्रिभुवन शर्मा, चिन्तामणी शर्मा शिशिर, केशव अम्गाई, नेराशिसं प्रदेश अध्यक्ष रोमहर्षण पौडेल, ने शि संघ कास्कीका पूर्व अध्यक्ष रमेश भटराई लगायतले शुभकामना दिनुभएको थियो।

नवनिर्वाचित कार्यसमितिमा उपाध्यक्ष भूमिराज,अधिकारी, सचिव ध्रुवराज पौड्याल, सहसचिव महेन्द्र पौडेल, कोषाध्यक्ष याद बहादुर अधिकारी, सहकोषाध्यक्ष हरिकृष्ण पोखरेल र सदस्यहरुमा इन्द्रप्रसाद तिमसेना, वसन्तराज सापकोटा, जयराम पौडेल, कलादेवी बराल, इन्दिरा अधिकारी, कृष्णप्रसाद चापागाईँ र विश्वप्रकाश सुवेदी रहेका छन्।

परिषदले विशेष गरी कक्षाकोठाको गणित शिक्षण तथा सिकाई विधि तथा उपलब्धीलाई लक्षित गरी विभिन्न तालिम गोष्ठी, प्रतियोगितात्मक कार्यक्रम तथा गणित शिक्षाको विकास र विस्तारमा

# नीति र ...

बताउनुभयो।

"पुष्पलालले सही विचार, सही राजनीतिक रणनीतिसहित कार्यशैली र आचरणको आधारमा एकता भन्नुभएको हो, पुष्पलाल कम्युनिष्ट नामको साइनबोर्डका आधारमा एकताको पक्षमा हुनुहुन्थेन", अध्यक्ष दाहालले भन्नुभयो, "अमूर्त कुराले एकता टिक्दैन, हुँदैन । कम्युनिष्टहरुसँग एकता हुन्छ कम्युनिष्ट विरोधीसँग कसरी एकता हुन्छ ? त्यो त विगतमा देखियो नि।"

अध्यक्ष दाहालले विगतको वाम एकतालाई जनता र कम्युनिष्ट कार्यकर्ताहरुले अनुमोदन गरे पनि त्यो एकता नतिकेको उल्लेख गर्दै यसको उत्तर नखोजी एकता हासिल नहुने बताउनुभयो । "आजको अन्तरराष्ट्रिय शक्ति सन्तुलन परिस्थिति आजको राष्ट्रिय परि स्थिति क्षेत्रीय परिस्थिति उत्पादक शक्तिको विकासको अवस्था जनताको बीचको उत्पादन सम्बन्ध र त्यसबाट मानिस मानिसबीचको सम्बन्धको अवस्थाबारे विश्लेषण नगरी एकता हुँदैन रैछ", उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भावनाले मात्रैले कम्युनिष्ट एकता नहुने उल्लेख गर्दै एकताका लागि सही विचार र नीति आवश्यक रहेको बताउनुभयो । "अबको लक्ष्य वैज्ञानिक समाजवाद हुनुपर्छ, वैचारिक, राजनीतिक, साङ्गठनिक पुनःगठन आवश्यक छ, बलियो कम्युनिष्ट पार्टीले मात्रै मुलुकको आर्थिक सामाजिक रुपान्तरण गर्न सक्छु", नेता खनालले भन्नुभयो।

सो अवसरमा अध्यक्ष दाहाल र नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका सम्मानित नेता खनाललगायतले लेखक लोककृष्ण भट्टराईको पुस्तक 'निर्वासन' लोकार्पण गर्नुभएको थियो । पुस्तकमाथि टिप्पणी गर्दै एमाले नेता कैलाश ढुङ्गेलले पुष्पलालको सम्पूर्ण जीवनचक्र पुस्तकमा समेटिएको बताउनुभयो।

# बन्दीपुरको विकासमा सरकार प्रतिबद्ध छ: मन्त्री न्यौपाने

**पोखरापत्र संवाददाता**
दमौली, १० साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले बन्दीपुरको विकासमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

तनहुँको बन्दीपुर गाउँपालिका-६ धरमपानीमा शनिबार आयोजित कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै बन्दीपुर नेपालकै चर्चित पर्यटकीयस्थल भएकाले यस ठाउँको विकासका लागि केन्द्र सरकारले विशेष ध्यान दिने उल्लेख गर्नुभयो। धरमपानीमा जनताको साथमा सङ्गठन बनाउँदा धरमपानीले आफूलाई ठूलो गुण लगाएको स्मरण गर्दै न्यौपानेले यस क्षेत्रलाई प्राथमिकतामा राख्ने बताउनुभयो। मन्त्री नहुँदा धरमपानी आसपासको विकासका लागि रु २५ करोडभन्दा बढी बजेट विनियोजन भइसकेको उल्लेख गर्दै उहाँले बन्दीपुर धरमपानी सडकलाई गतवर्ष रु चार करोड र यसवर्ष त्यसभन्दा धेरै बजेट विनियोजन हुने बताउनुभयो। बन्दीपुर धरमपानी साराङघाटलाई कालोपत्र गरी बन्दीपुरको विकासमा टेवा पुग्ने काम गर्ने मन्त्री न्यौपानेको भनाइ थियो । कार्यक्रममा बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा, उपाध्यक्ष पञ्चमाया गुरुङ, वडाध्यक्ष बलहादुर गुरुङ सहभागी हुनुहुन्थ्यो।









फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# प्रधानमन्त्रीको भारत भ्रमणमा राख्नुपर्ने एजेन्डा

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतका विभिन्न शहरमा सिधा उडानका लागि सरकारले नै पहलकदमी लिनुपर्ने बेला भएको छापोखरा आउने भारतीय पर्यटक र रोजगारीका लागि जाने नेपालीका लागि पोखराबाट सिधा उडानका लागि सरकारको प्राथमिकता हुनुपर्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट छिमेकी मुलुकका शहरमा सिधा उडान हुन नसक्ने हो भने देशले घाटा ब्यहोर्नु पर्छापोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा अन्तर्राष्ट्रिय उडानका लागि नेपालको निजी क्षेत्रको पनि पहल उत्तिकै आवश्यक छ । पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट छिमेकी भारत, चिन र नेपाली कामदार जाने नजिकका मुलुकमा सिधा उडानका लागि अरु भन्दा बढी यहाँका व्यवसायीको अर्जुन दृष्टि हुनुपर्छ ।पोखराका पर्यटन व्यवसायीले पोखरादेखि भारतका विभिन्न शहर र युनाइटेड अरब इमिरेट्स (युएई) मा सिधा हवाई उडान संचालन गर्न माग राखेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आउँदा सेप्टेम्बरमा हुने भनिएको भारत भ्रमणको प्रमुख एजेण्डामा पोखरा-भारत सिधा हवाई उडान संचालनलाई राख्न व्यवसायीले माग राखेका हुन् । भारतको राजधानी नयाँ दिल्ली, बनारश लगायतका शहरमा पोखराबाट सिधा उडान गर्न व्यवसायिक हिसाबले सम्भव हुने भन्दै व्यवसायीले अर्थमन्त्री विष्णु पौडेलमार्फत उक्त माग राखेका छन । होटल संघ पोखराको पहलमा विहिबार अर्थमन्त्री पौडेललाई भेट्न पुगेका थिए ।

'प्रधानमन्त्रीको भारत भ्रमणमा पोखराबाट भारतका विभिन्न शहरमा सिधा उडान गर्ने एजेण्डा राख्न अर्थमन्त्रीमार्फत माग राखेर समयमै झकझक्याउन सकेका छन । राज्यले ऋण लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनाए पनि नियमित संचालन हुन नसक्दा पर्यटन व्यवसाय पनि धरासायी भएको छ । व्यवसायिक हिसाबले पनि पोखरादेखि भारतका विभिन्न शहरमा सिधा उडान सम्भव छाकुटनीतिक पहल पनि उत्तिकै खाँचो छ। पोखराका ७ सय बढी होटलमा ५ खर्बभन्दा बढी लगानी रहेको अनुमान छ ।

होटलहरु उद्योगमा दर्ता भए पनि अन्य उद्योगले पाउने सेवा सुविधा होटलले नपाएको भन्दै बजेटमा ल्याएको नीतिगत सुधार चाडै लागु गर्न माग व्यवसायीको छ । पोखराका होटल व्यवसायीको प्रतिनिधि मण्डलले नेपालका लागि युनाइटेड अरब इमिरेट्स (युएइ)का राजदुत अब्दुल्ला सइद मुवारकलाई पनि पोखराबाट युएई सिधा हवाई उडानको पहल गरिदिन आग्रह गरेका छन् । गण्डकी क्षेत्रबाट बैदेशिक रोजगारीमा युएई जाने युवाको संख्या अत्याधिक रहेको र पोखरा घुम्न आउने धैरै पर्यटक युएई ट्रान्जिट भएर आउने गरेका छनापोखराबाट सिधा उडान हुन सके धैरैलाई सहज हुन्छ ।

युएईका राजदूतले पोखरा निकै मन परेकोले पटक पटक आउने गरेको भन्दै पोखराबाट युएई सिधा उडान गर्न पनि पहल गर्ने वचन व्यवसायीलाई दिएका छन । उनले युएइका व्यवसायीलाई पनि पोखरामा लगानी भित्राउन छुट्टै छलफल गर्ने योजना सुनाएका छनाहोटल संघका प्रतिनिधिसंगको भेटमा अर्थमन्त्री पौडेलले पोखरा जोड्ने राजमार्गहरु निर्माणले गति लिएको र पोखराबाट अन्तर्राष्ट्रिय उडान जसरी पनि संचालन गर्न आवश्यक रहेको बताएका थिए । 'राज्यले ऋण लिएर बनाएको एयरपोर्ट जसरी पनि चलाउनुपर्छ, पोखरा र भैरहवा एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान गर्न पहल भइराखेको छ,' उनले व्यवसायीलाई भने । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल २०७९ पुष १७ गतेदेखि संचालनमा आएको थियो । विमानस्थल संचालनमा आए पनि नियमित अन्तर ाष्ट्रिय उडान सुचारु हुन सकेको छैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| ककर्ट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गलेश्वरमा गतआवमा रु ७३ लाख भेटी सङ्कलन



**पोखरापत्र संवाददाता**
म्याग्दी, १० साउन

म्याग्दीको बेनी नगरपालिका-९ मा रहेको धार्मिकस्थल गलेश्वर मन्दिरमा एक वर्षमा रु ७३ लाखभन्दा बढी भेटी सङ्कलन भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा गलेश्वरमा पूजाआजा र दर्शनका लागि आएका भक्तजनहरूले रु ७३ लाख १५ हजार ९२७ भेटी चढाएका गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले भक्तजनको आगमनसँगै भेटी पनि बढेको बताउनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल रु ५८ लाख ४० हजार ५१० भेटी सङ्कलन भएको थियो । ०८१/८२ मा नियमित रु ४७ लाख १० हजार २९० र मेलापर्वमा रु २६ लाख पाँच हजार ६३७ भेटी सङ्कलन भएको कोषका कार्यालय सचिव राम बानियाले जानकारी दिनुभयो ।

भेटीसहित विभिन्न शीर्षकमा बैङ्क ब्याजबाहेक गत वर्षमा रु ९४ लाख १५ हजार १७ आम्दानी भएको उहाँले बताउनुभयो । यज्ञ दर्ताबाट रु चार लाख ७३ हजार ५२७, यात्री निवास भाडा रु सात लाख १९ हजार ७१४, सहयोग रु तीन लाख ५९ हजार ७९ र स्टल भाडाबापत रु पाँच लाख ४६ हजार ७७० आम्दानी भएको छ ।

गलेश्वर मन्दिर परिसरमा कोषले सञ्चालन गरेको धर्मशालामा एक वर्षको अवधिमा १० हजार जना तीर्थयात्रीहरूले सहुलियतमा आवास सुविधा पाएका छन् । मन्दिरको आम्दानी कार्यालय, पूजा व्यवस्थापन, मन्दिरका पुजारी, ज्येष्ठ नागरिक आश्रमका भान्सेको तलबका साथै संस्कृति विद्यालय सञ्चालनमा परिचालन गरिएको कोषले जनाएको छ ।

गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिक रूपमा गणना गरेर सार्वजनिक गर्ने प्रचलन छ । मन्दिरको आम्दानीबाट गत वर्ष ज्येष्ठ नागरिक आश्रममा रु १५ लाख खर्चेर सभाहल निर्माण, गलेश्वर बजार सौन्दर्यकरण योजनामा बेनी नगरपालिकासँग साझेदारीमा रु छ लाख, घतान स्वास्थ्य चौकीमा स्तनपान कक्ष बनाउन रु एक लाख सहयोग गरिएको अध्यक्ष रेग्मीले बताउनुभयो ।

कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । हिन्दू धर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचतुर्दशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्नेछ । दैनिक नित्य पूजाआजा हुने गर्छ । गलेश्वर दर्शन र पूजाआजा गरेमा मनोकाङ्क्षा हुने धार्मिक विश्वास छ ।

# चार किलोमिटर पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० साउन

पर्यटन तथा उद्योग कार्यालय म्याग्दीमार्फत आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएका योजनामार्फत चार दशमलव ३१ किलोमिटर पदमार्ग निर्माण भएको छ ।

गत वर्ष कार्यालयले सञ्चालन गरेका पर्यटन पूर्वाधार निर्माणसम्बन्धी १० वटा योजनाका लागि रु एक करोड २० लाख विनियोजन भएकोमा रु ९६ लाख २९ हजार ८७६ खर्च भएको छ। योजनामार्फत पर्यटकीयस्थलमा पक्की र कच्ची पदमार्ग, विश्रामस्थल, आश्रयस्थल, पर्खाललगायतका पूर्वाधार निर्माण भएको कार्यालयका प्रमुख अमृत कँडेलले जानकारी दिनुभयो ।

"सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका हुन", उहाँले भन्नुभयो, "प्रतिकूल भूगोल, मौसम र उपभोक्ताको ढिलासुस्तीका कारण पूरा काम नभएका योजनाको प्राविधिक नापजाँचका क्रममा भएको मूल्याङ्कनअनुसार भुक्तानी गरेका छौँ ।" पर्यटकीय पूर्वाधार बनेपछि पर्यटक, स्थानीयवासी र पर्यटक मजदुरलाई आवतजावतमा सहज भएको छ ।

धौलागिरि गाउँपालिका-५ को मल्कवाङ डाँडाकटेरी रिरावर हुँदै ग्यासखार जोड्ने एक हजार ४६० मिटर पदमार्ग र सिँढी निर्माण भएको छ । रघुगङ्गा गाउँपालिका-७ स्थित कालीबराह मन्दिर हुँदै धौलागिरि आइसफल जोड्ने ८५० मिटर ढुङ्गाको सिँढीको पदमार्ग निर्माण भएको छ ।

रघुगङ्गा गाउँपालिका-२ भगवतीको माँझखर्कदेखि ओखरबोट हुँदै साझपानी जोड्ने ४१० मिटर, दग्नामको नागीदेवी मन्दिर जोड्ने २९० मिटर, बिम तल्लोगाउँमा २९० मिटर, अन्नपूर्ण गाउँपालिका-५ खोप्रालेकमा ५५० मिटर र बेनपा-६ को थाकनपोखरी भेटनरी कार्यालय हुँदै एकपाटे मन्दिर जोड्ने ३५० सिँढी र ढलान गरेको पदमार्ग निर्माण भएको छ । रघुगङ्गा गाउँपालिका-३ मा रहेको गायत्री मन्दिरमा पर्खाल निर्माण र रङरोगन, बेनी नगरपालिका-७ को बराहपाखोमा उद्यान र बेनी नगरपालिका-२ ज्यामरुककोटमा ध्यानआश्रम निर्माण भएको कार्यालयका इञ्जिनियर सुमन बोगटीले बताउनुभयो ।

नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास भएको खोप्रा लेकमा पदमार्गको साथै आश्रयस्थल, पदमार्गमा रेलिङ, खानेपानीको पाइप व्यवस्थापन भएको छ । नागीदेवी मन्दिरमा दुई वटा चौतारी र १०० मिटर तारजालीले घेराबार गरिएको छ। बिम तल्लोगाउँमा ढल व्यवस्थापनका लागि पक्की नाला र त्यसमाथि पदमार्ग बनाइएको छ । बराहपाखोको शान्तिपार्कमा पर्खाल, रेलिङ, ढुङ्गा छपाउन जमिनमा ढलान र फलामको बेञ्च राखिएको छ ।

# न्यु ग्यालेक्सी स्कूलद्वारा कक्षा ११ का नयाँ विद्यार्थीलाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा महानगरपालिका वडा नं. ३ स्थित नदीपुरको न्यु ग्यालेक्सी स्कुलले शनिबार कक्षा ११ मा नवप्रवेशी विद्यार्थीलाई स्वागत गर्दै भव्य 'वेलकम कार्यक्रम-२०८२' सम्पन्न गरेको छ। कार्यक्रम पोखराको ताजमहल इभेन्ट सेन्टरमा आयोजना गरिएको थियो ।

नयाँ विद्यार्थीहरूलाई विद्यालय जीवनको नयाँ सुरुवातमा स्वागत गर्दै आत्मीय वातावरण सिर्जना गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा सांस्कृतिक प्रस्तुति, प्रेरणादायी मन्तव्य र अभिमुखिकरण सत्र समावेश गरिएको थियो ।

कार्यक्रममा न्यु ग्यालेक्सी स्कूलका संस्थापक प्राचार्य डा. रामजी शर्माले नयाँ विद्यार्थीहरूलाई स्वागत गर्दै शैक्षिक यात्रा सफल बनाउन मेहनत, अनुशासन र सकारात्मक सोच आवश्यक रहेको बताए । उनले विद्यालयले विद्यार्थीहरूलाई प्रविधिमैत्री र व्यवहारिक शिक्षा प्रदान गर्न सदैव अग्रसर रहेको उल्लेख गरे ।

विद्यालयका संस्थापक निर्देशक राजु कायस्थले रुचि, क्षमता र सिर्जनशीलतालाई आधार मानेर विद्यालयले सिकाइको वातावरण सिर्जना गर्दै आएको बताए। स्वागत कार्यक्रमले नयाँ विद्यार्थीहरूलाई आत्मीयता र आत्मविश्वास प्रदान गर्ने विश्वास व्यक्त गर्दै उज्ज्वल भविष्यको शुभकामना दिएका थिए । कार्यक्रममा विद्यालयका शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता रहेको थियो। गीत, नृत्य र हास्य प्रस्तुति जस्ता सांस्कृतिक कार्यक्रमहरूले कार्यक्रमलाई मनमोहक बनाएको थियो ।

न्यु ग्यालेक्सी स्कूलले शैक्षिक गुणस्तर मात्र होइन, व्यवहारिक शिक्षामा समेत विशेष ध्यान दिँदै आएको छ । विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान, कम्प्युटर विज्ञान, व्यवस्थापन, होटल म्यानेजमेन्ट र पर्यटन संकाय अन्तर्गत अध्यापन भइरहेको छ । वि.सं. २०५१ मा स्थापना भएको यस विद्यालयमा हाल करिब १,५०० विद्यार्थी अध्ययनरत छन् ।

# हिलप्वाइन्ट माविद्वारा कक्षा ११ का विद्यार्थीका लागि स्वागत कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा महानगरपालिका वडा नं. १२ स्थित हिलप्वाइन्ट माध्यमिक विद्यालयले शनिबार कक्षा ११ मा नवप्रवेशी विद्यार्थीलाई स्वागत गर्दै भव्य 'वेलकम कार्यक्रम-२०८२' सम्पन्न गरेको छ । उक्त कार्यक्रम लेकसाइड स्थित माउन्ट कैलाश रिसोर्टमा आयोजना गरिएको थियो ।

नयाँ विद्यार्थीहरूलाई आत्मीयता, मार्गदर्शन र प्रेरणाको वातावरण प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममार्फत विद्यालय जीवनको प्रारम्भिक अनुभव रमाइलो र सार्थक बनाउन विविध प्रस्तुति र जानकारीमूलक सत्रहरू समावेश गरिएको थियो ।

स्वागत समारोहमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष विजुली बहादुर गुरुङ, प्राचार्य डा. दिवाकर जैशी र सहायक प्राचार्य गंगाराम पौडेलका साथै शिक्षक-शिक्षिका, तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको




थियो । कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष विजुली बहादुर गुरुङले विद्यार्थीको भविष्य निर्माणमा विद्यालय परिवारको महत्वपूर्ण भूमिका रहेको बताए । उनले विद्यार्थीलाई सकारात्मक सोच, अनुशासन र निरन्तर अभ्यासमार्फत सफलतातर्फ अघि बढ्न प्रेरणा दिए ।

विद्यालयका प्राचार्य दिवाकर जैशीले विद्यालयको स्थापना, विकासको यात्रा र शैक्षिक नीति बारे प्रकाश पार्दै विद्यार्थीलाई अध्ययनका साथै अनुशासन र व्यवहारमा पनि उत्कृष्ट बन्न प्रेरणा दिनुभयो। उहाँले विद्यार्थीको सम्पूर्ण विकासमा विद्यालयले भूमिका खेल्दै आएको उल्लेख गर्नुभयो । सहायक प्राचार्य गंगाराम पौडेलले विद्यालयको संरचना, नियम, पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापहरूबारे नयाँ विद्यार्थीलाई जानकारी गराउँदै कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा कक्षा १२ की छात्रा भोजमाया गुरुङले स्वागत मन्तव्य दिएकी थिइन् भने नवआगन्तुक विद्यार्थीको तर्फबाट कक्षा ११ की छात्रा रिश्ता गुरुङले धन्यवाद मन्तव्य दिँदै विद्यालयको वातावरणप्रति कृतज्ञता प्रकट गरेकी थिइन् ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति, गीत संगीत र नृत्यमार्फत आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

# पर्यटकीयस्थल जोड्न पर्वतमा पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १० साउन

पर्यटकीयस्थललाई जोड्न गत आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा करिब पाँच किलोमिटर पदमार्ग निर्माण गरिएको छ । जिल्लाका विभिन्न स्थानमा रहेका धार्मिक तथा पर्यटकीयस्थलहरूमा आउने आन्तरिक तथा बाह्य पर्यटकको सुविधाका लागि १७ वटा योजनामार्फत करिब पाँच किमी पदमार्ग निर्माण गरिएको हो ।

कतिपय स्थानमा ढङ्गाको सिँढी बनाएर र कतिपय स्थानमा ढलान गरेर पदमार्ग निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ । कार्यालय प्रमुख पोषनाथ शर्माका अनुसार १७ स्थानमा गरेर चार हजार ८५० मिटर लामो पदमार्ग निर्माण गरिएको छ। मोदी गाउँपालिकाको भिःलिबराङ्ग-ताप्राङ-कोखे-मोहोरेडाँडा, मोदी-६ मा दराक-चित्रेपाटा, फलेवास-८ को थुम्काबाट नयाँ बस्ती जोड्ने पदमार्ग, मोदी-७ राम्जाको पाटेपहराबाट ज्येष्ठ नागरिक भवनसम्म, फलेवास-३ मा रुग्दी-थापाथर-गैरावारी-चुचन देउराली पदमार्ग निर्माण गरिएको उहाँले जानकारी दिनुभयो । यसैगरी, जलजला-८ मा तल्लो डिलचौताराबाट शालग्राम आश्रमसम्म,सोहीवडाकोओडारेबाट अग्लो झोलुङ्गेपुलसम्म, कुश्मा नगरपालिका-१४ मा बर्केठाँटीबाट पञ्चासेसम्म, जलजला-३ मा फर्से खोलाघाँटबाट फट्केढुङ्गासम्मको पदमार्ग निर्माणसम्पन्न भएको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख शर्माले उल्लेख गर्नुभयो ।

विहादी गाउँपालिका-१ बाच्छामा रहेको बच्छेश्वर मन्दिर जाने पदमार्ग, फलेवास-१० माथुमा दुक्तान हुँदै चिसापानी जोड्ने पदमार्ग, जलजला-९ बनौमा बनौ-लिस्नेगाम पदमार्ग र मोदी-५ बाजुङमा सार्कीटोलबाट बाजुङ भूमेकोट जोड्ने र कुश्मा-१२ स्थित प्रसिद्ध बाटुलेचौर मन्दिर पुग्ने पदमार्ग निर्माण गरिएको हो । पर्यटन तथा पूर्वाधार कार्यालयले गत आर्थिक वर्षमा पदमार्ग निर्माणका लागि रु एक करोड २५ लाख खर्चिएको जनाएको छ । पदमार्ग निर्माणपछि बाह्रैमास पर्यटकीय क्षेत्रमा आवतजावत गर्न सहज भएको कार्यालय प्रमुख शर्माले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षमा पर्यटन पूर्वाधारका लागि विनियोजित रु तीन करोड ४५ लाख बजेटमध्ये चारवटा पार्क र २१ वटा विभिन्न मठमन्दिर, सत्तल, गुम्बालगायत स्थान मर्मत तथा पुनःनिर्माणमा खर्च गरिएको प्रमुख शर्माले बताउनुभयो । पर्वतमा गत आर्थिक वर्षमा पर्यटन पूर्वाधारका ४२ वटा योजना रहेका थिए । पर्यटन तथा उद्योग कार्यालयमा पाँचवटा पथप्रदर्शक संस्था दर्ता भएका छन्भने ६१ वटा घरबास (होमस्टे) नवीकरण भएका छन् । यसैगरी, गत आवमा १३६ उद्योग तथा वाणिज्य फार्म दर्ता भएका कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गत आवमा रु ३९ लाख एक हजार २७१ राजस्व सङ्कलन भएको जनाएको छ ।

कार्यालय प्रमुख शर्माका अनुसार ९३ दशमलव ३० प्रतिशत वित्तीय र शत्प्रतिशत भौतिक प्रगति भएको छ । पर्यटन तथा उद्योग कार्यालयबाहेक सामाजिक विकास कार्यालयले पनि करिब तीन किलोमिटर पदमार्ग निर्माण गरेको छभने प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत विभिन्न पालिकाले धार्मिक तथा पर्यटकीयस्थल जोड्ने र नागरिकलाई हिँड्डुल गर्न सहज हुने खालका पदमार्गहरू निर्माण गरिरहेका उहाँले जानकारी दिनुभयो ।

# कालिमाटी शान्ति स्तूपा टोल विकास संस्थाको अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा २२ को कालिमाटी शान्ति स्तूपा टोल विकास संस्थाको चौथो अधिवेशन तथा वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष सुदिप बिकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिका-२२ का वडा अध्यक्ष हिमलाल बराल प्रमुख अतिथि रहनुभएको थियो। विशेष अतिथिका रूपमा वडा सदस्य कृष्णकुमारी देवकोटा तथा अन्य अतिथिहरूमा संस्थापक अध्यक्ष राजु क्षेत्री, पूर्व अध्यक्ष तथा सल्लाहकार भिमबहादुर सुनार, टोल अन्तर्गतका विभिन्न क्लब, आमा समूह, सहकारी संस्था, वडा युवा परिषद, विद्यालय व्यवस्थापन समिति तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव राजु बरालले गर्नुभएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष दिनेश बरालले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि वडा अध्यक्ष बरालले संस्थाले निरन्तर रूपमा समुदायका लागि उत्कृष्ट कार्य गर्दै आएको उल्लेख गर्दै अध्यक्ष र कोषाध्यक्षले प्रस्तुत गरेका प्रतिवेदनहरू व्यवस्थित र पारदर्शी ढंगले सम्प्रेषण गरिएकोमा प्रशंसा व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा पनि टोलको विकासका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रमको समापन गर्दै अध्यक्ष सुदिप बिकले आफ्नो कार्यकालमा संस्थाले गरेका कामहरूको समीक्षा गर्दै आगामी कार्यकालका लागि निर्वाचित नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उहाँले संस्थाले सुरु गरेको सकारात्मक प्रयासलाई नयाँ समितिले अझ प्रभावकारी रूपमा अघि बढाउने विश्वास व्यक्त गर्नुभयो । नयाँ कार्यसमिति चयनका लागि गठित निर्वाचन मण्डलको संयोजक वडा सदस्य कृष्णकुमारी देवकोटा रहनुभएको थियो भने सदस्यहरूमा बोधराज बराल र भिमबहादुर सुनार रहेका थिए। सर्वसम्मत निर्णयका आधारमा अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो।

नवगठित कार्यसमितिमा अध्यक्षमा दिनेश बराल, उपाध्यक्षमा मिनबहादुर बिक, सचिवमा यशोदा सुवेदी बराल, कोषाध्यक्षमा शारदा बराल चयन भएका छन्। यस्तै सदस्यमा सुमित्रा सुनार, बोधराज बराल, ईश्वर थापा, निश्चल देवकोटा र झम्कनाथ देवकोटा रहेका छन्।

नयाँ कार्यसमितिले आगामी दिनमा टोल विकास, सरसफाइ, पूर्वाधार, सामुदायिक सहकार्य लगायतका क्षेत्रमा सक्रिय रूपमा काम गर्ने योजना रहेको संस्थाले जनाएको छ।

# पौवै खोलामा मोटरेबल पुल

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



स्याङ्जाको पुतलीबजार नगरपालिका-५ पौवै खोलामा मोटरेबल पुल निर्माण गरिएको छ । सिद्धार्थ राजमार्गको स्याङ्जा र पोखरा खण्डको विकल्प बाडखोला-पौवैगौंडे-टक्सार-दुलेगौंडा सडकखण्ड अन्तर्गत पर्ने खोलामा गण्डकी प्रदेश सरकारको लगानीमा १५.६ मिटर लम्बाइको पुल निर्माण गरिएको हो। पुलको शनिबार गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले उद्घाटन गरे।

यो पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय स्याङ्जा र राङ्खोला सिद्धबाबा निर्माण सेवाबीच ०८१ वैशाख १७ मा ठेक्का सम्झौता भएको थियो। ०८२ साउन ६ भित्र निर्माण सक्ने गरी १ करोड ८६ लाख ९२ हजार रुपैयाँमा ठेक्का सम्झौता भएकोमा ०८२ असार २३ मा सम्पन्न भएको हो। निर्माण व्यवसायीले १ करोड ७५ लाख ६९ हजार रुपैयाँ अन्तिम भुक्तानी पाएको कार्यालय प्रमुख दयाराम अधिकारीले जानकारी दिए। उनका अनुसार ८.४ मिटर चौडाइको पुलमा ६ मिटरमा गाडी गुड्न मिल्ने र दुवैतर्फ गरी २.४ मिटर फुटपाथ निर्माण गरिएको छ।

उद्घाटनपछि बोल्दै भौतिकमन्त्री केसीले प्रदेश सरकारले जनताको आवश्यकतालाई प्राथमिकतामा राखेर विकासको गति अघि बढाएको बताए। दैनिक आवतजावत, व्यापार व्यवसाय, कृषि उत्पादनको ढुवानी र अन्य सामाजिक क्रियाकलाप अझ सहज हुने उनले विश्वास व्यक्त गरे। 'गण्डकी प्रदेश सरकारले जनताको आवश्यकतालाई प्राथमिकतामा राखेर योजना बनाउने, कार्यान्वयन गर्ने र जनतामाझ प्रत्यक्ष लाभ पुग्ने गरी विकासको गति अगाडि बढाइरहेको छ। यही धारणा अनुरूप पौवै खोला सडक पुल पनि जनताको सहज यात्रा, सुरक्षित आवागमन र आर्थिक गतिविधिको सञ्जाल विस्तारमा सहयोगी हुनेछ,' उनले भने। पुलको नियमित मर्मत सम्भार र दिगोपनका लागि स्थानीयको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो। सार्वजनिक लेखा समिति सभापतिसमेत रहेका एमाले सांसद सुधिरकुमार पौडेलले नकारात्मक टिप्पणी गरिएपनि प्रदेश सरकारले धेरै राम्रो काम गरिरहेको बताए । 'प्रदेश संघीयताको कडी हो । प्रदेशप्रति जति नकारात्मक कुरा फैलाइएको छ त्योभन्दा धेरै प्रदेश सरकारले काम गरेको छ,' उनले भने । बाडखोला-पौवैगौंडे-टक्सार-दुलेगौंडा सडकलाई स्याङ्जा-पोखरा-तनहुँलाई जोड्न मात्र नभई आर्थिक उपार्जनमा प्रयोग गर्न आवश्यक रहेको उनले बताए । आर्थिक करिडोर र स्याङ्जाको लाइफलाइनको रूपमा विकास गर्न सके राम्रो हुने उनको भनाइ थियो। उनले यो सडक चक्ला पार्न आफूले सक्दो पहल गर्ने बताए। पुलको आवश्यकता देखेर पूर्वसांसद मिनप्रसाद गुरुङले डीपीआर निर्माणमा पहल गरेको भन्दै उनले धन्यवाद दिए।

राप्रपा दल नेता पञ्चराम गुरुङले आवश्यकता धेरै भएपनि महत्वपूर्ण पूर्वाधार कुन हो भन्ने पहिचान गर्न आवश्यक रहेको बताए । विकास तत्कालै हुन नसक्ने भएकाले धैर्य हुनुपर्ने उनको भनाइ थियो। गण्डकी प्रदेशकी पूर्व अर्थमन्त्री एवं एमाले सांसद सीताकुमारी सुन्दासले पूर्वाधार निर्माणमा छोटो समयमै धेरै परिवर्तन भएको बताइन् । विगतमा स्याङ्जाबाट पोखरा हिँडेर ओहोरदोहोर गरेको उनले स्मरण गरिन् । 'ठूलाडिहीबाट कि बाङ्खोला निस्केर जानपर्थ्यो कि यही बाटो हिँडेर पोखरा जानपर्थ्यो । हामी बिहानै आँखा मिच्दै पोखरा जान्थ्यौं,' उनले भनिन्, 'आज त बाटो बनिसक्यो । धेरै परिवर्तन भएको छ। कामै नभएको होइन नि।' विगतमा तत्कालीन आवश्यकता र स्रोत साधनको क्षमताअनुसार पूर्वाधार निर्माण भएकाले अहिले साँघुरो र अपर्याप्त भएको उनले बताइन् । पुराना पूर्वाधारलाई समयानुकूल विस्तार गर्न आवश्यक रहेको उनको भनाइ थियो । 'हिजो जुन आवश्यकता थियो, जति स्रोत थियो त्यही अनुसार विकास निर्माणका काम भयो । यहाँ बाटो हिजो सानो बन्यो। अब समयानुकूल विकास गर्नुपर्नेछ। यो पनि समयसँगै परिवर्तन हुन्छ,' उनले भनिन्।

कांग्रेसबाट निर्वाचित प्रदेश सांसद कल्पना तिवारीले सडकलाई आयआर्जनसँग जोड्न आवश्यक रहेको बताइन् । पोखराबाट नजिकै रहेकाले होमस्टे सञ्चालन गर्न सके राम्रो हुने विकल्प उनले स्थानीयलाई सुझाइन्। विकासको पूर्णताको विन्दु नहुने भन्दै उनले सडक फराकिलो पार्ने, पुल निर्माण निरन्तर चलिरहने बताइन्।

# घार्मीको गिद्ध बस्ने डाँडामा चिया खेती गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखरा महानगरपालिका वडा नं.१९, घार्मीको गिद्ध बस्ने डाँडामा चिया खेती गरिने भएको छ।

चिया खेतीका लागि सो ठाउँको माटो र जमिन उपयुक्त रहेको एक अध्ययनले देखाए पछि वडा कार्यालयको सक्रियतामा नै चिया खेती गर्न लागिएको वडा सदस्य विकास कुमार आचार्यले जानकारी दिए। चिया खेतीका लागि शनिवार करिब ५० वटा विरूवा समेत रोपिएको छ । सो कार्यको थालनी गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले जमिन र हावापानीका कारण पनि यो क्षेत्र चिया खेतीका लागि उपयुक्त रहेको बताउँदै, सफल भएमा आय आर्जनको गतिलो श्रोत बन्ने बताए। उनले घार्मी पर्यटकीय क्षेत्र भएकाले पनि चिया खेती थप आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गरे। कार्यक्रममा वडा सदस्य दुर्गादेवी बस्नेत गौतम, विकास कुमार आचार्य, कल्पना सुनार, समाजसेवी लेखनाथ लामिछाने लगायतले यसको संरक्षण, गोडमेल र सरसफाईमा स्थानीय बासिन्दाले ध्यान दिनुपर्ने बताए।

उनीहरूले यसबाट कृषि क्षेत्र, आन्तरिक तथा बाह्य पर्यटकको आगमन र त्यहाँको पिकनिक स्पटको समेत प्रचार हुने विश्वास लिए । शनिबार ५० वटा मात्र विरूवा रोपिए पनि केही दिन भित्रै १ हजार बढी विरूवा रोपिने बताइएको छ। चिया खेतीको विकासका लागि वडाले यस आवमा केही बजेट विनियोजन समेत गरेको जनाएको छ । यो ठाँउमा केही दिन अघि गरिएको प्राविधिकको अनुगमन र परिक्षणबाट चिया खेती रामो हुने बताईएको छ।

# हेमजा लायन्स र लियोले गौरी शंकर मावि हेमजामा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



पोखरा महानगरपालिकि वडा नं २५ मा रहेको गौरी शंकर मा वि मा शनिबार वृक्षरोपण गरिएको छ। लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ जे अन्तर्गत रहेको लायन्स क्लव अफ पोखरा हेमजा र लियो क्लव अफ हेमजाले संयुक्त रुपमा फलफूलका विरुवा रोपेको हो।

प्रमुख अतिथि लायन्स इन्टरनेशनल ठिस्ट्रिक्ट ३२५ जे रिजन ५ का रिजन चियर पर्सन दिनेश तुलाचनले वातावरणीय स्वच्छता तथा उत्पादन मुखी फलफुलका बिरुवा रोपेर मानव स्वाश्थ्यलाई सरल र सहज बनाउनमा सहयोग पुग्ने कुरा बताउनुभयो। तुलाचनले हेम्जा का लायन्स र लियोको समाज सेवाप्रति रहेको भावनालाई उच्च कदर गर्दै आगामि दिनमा अझै सक्रिय रुपमा समाजसेवामा समर्पित हुन आग्रह गर्नुभयो। बिशेष अतिथि लायन्स इन्टरनेशनल ठिस्ट्रिक्ट ३२५ जे का जोन १०का जोन चेयर पर्सन प्रगत कायस्थले फलफूलका विरुवा हुर्कदै फल्दै जाँदा बिधर्थिहरुलाई पनि अध्ययन र खाजाका लागी प्रयोग हुने चराचुरुङ्गीको संख्या समेत बढेर जाने कुरा बताउनुभयो। लियो पास्ट डिस्ट्रिक्ट गर्भनर बिष्णु दाहाल ले हेमजाको सामाजिक क्षेत्रमा लियोको सक्रियता खुलेर प्रशंशा गर्नुभयो । गौरी शंकर मा विका प्रधानाध्यापक अमर बहादुर कुँवरले रोपेका बिरुवालाई हुर्काउन र संरक्षण गर्न स्कुल प्रतिवद्ध रहेको बताउनुभयो।

लायन्स क्लव अफ पोखरा हेमजाका अध्यक्ष दुर्गा प्रसाद पौडेलको सभापतित्वमा भएको कार्यक्रममा झण्डाको अविवादन सुरेश श्रेष्ठ, लियो प्लेग वाचन कविता त्रिपाठी गर्नुभएको थियो भने धन्यवाद ज्ञापन लायन्स क्लव अफ पोखरा हेमजाका निवर्तमान अध्यक्ष सन्तमान श्रेष्ठले गर्नुभएको थियो।

# धार्मिक कार्यमा संलग्न हुने मान्छे अपराधमा संलग्न हुँदैन : एसपी ओलिया

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन




पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन जारी रहेको छ।

श्रीमदवीतकको १२ औं दिन सम्म आइपुग्दा भक्तजनहरुको समेत भीड लाग्ने गरेको छ । आगामी श्रावण ३१ गते श्रीकृष्ण जन्माष्टमी सम्म सञ्चालन हुने श्रीमदवीतक चर्चामा प्रतिष्ठित ब्यक्ति संगै उच्च तहका ब्यक्तिहरुले समेत सहभागीता जनाउदै आएका छन।

शनिवार श्रीमदवीतक चर्चाकै बीच श्रीकृष्ण प्रणामी मन्दिरमा पुगेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले धार्मिक कार्यमा संलग्न हुने मान्छे अपराधमा संलग्न नहुने बताए। ओलयाले भने "जो मान्छे धार्मिक कार्यमा संलग्न छ अपराधमा संलग्न हुदैन अपराध नै गर्दैन, जो मान्छेको धार्मिक गतिविधीमा आस्था छ उसले बिकृति विसंगतिमा लाग्दैन" अहिले जिल्ला प्रहरी कार्यालयमा आजको दिनमा सय जना भन्दा बढी थुनुवा रहेको र समाजमा अवान्छित गतिविधी गरेकै कारण उनीहरुले कारबाहीको भागीदार भएकाले उनीहरुका लागि समेत यस्ता धार्मिक कार्यक्रमले ठूलो महत्व राख्ने उनको भनाइ रहेको थियो। सत्संगमा सहभागी भएको खण्डमा मन शान्त हुने घरमा कल झगडा नहुने उनको भनाइ थियो।

सो अवसरमा वोल्दै धर्म प्रचारिका जमुना सुवेदीले श्रीकृष्ण अष्टमीको अवसरमा श्रीकृष्ण मन्दिरमा आयोजना हुने श्रीमदवीतक चर्चामा सहभागी भइ प्रवचन सुनेको खण्डमा मनमा शान्त हुने र सत्मार्गमा लाग्न प्रेरित गर्ने बताइन।

श्रीमदवीतकको १२ औं दिन सम्म आइपुग्दा हजारौ भक्तजनहरुको सहभागीता रहेको र कार्यक्रमका लागि सहयोग आउने क्रम समेत जारी रहेको श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए । शनिवार श्रीमदवीतक चर्चामा बृन्दाबन धाम पोखरा २७ डाँडानाकका प्रमुख विष्णु वशिष्ठ महाराज, श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रिय सदस्य पुरुषोत्तम रेग्मी, जिल्ला अध्यक्ष कृष्ण प्रसाद ढुंगाना, संस्थापक पं कमल लामिछाने, कार्यक्रम संयोजक केशव प्रसाद बराल, घनश्याम बानियाँ, तारा कोइराला लगायतको उपस्थिती रहेको थियोभने शनिवारनै मेलाकर्ताहरु सीता गिरी, ज्ञानु गिरी, कृष्ण पुरी, जमुना पुरी, शारदा पराजुली, तिलु पुरी, सरस्वती हमाल लगायतले नगद सहयोग गरेको समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए।

बरालका अनुसार प्रत्येक दिन श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दु बाट संगीतमय कथा प्रवचन भइरहेको छभने संगीतमय कथा प्रवचनमा गायक तथा बाध्यवाधक सुनिल राइ र अनुपम भुजेलले साथ दिइरहेका छन।

## माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/११ गते**

निको इनर्जी लिमिटेडद्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका र पर्वत जिल्लाको मोदी गाउँपालिकामा निम्न बमोजिमको आयोजना कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावकको नामः निको इनर्जी लिमिटेड<br>ठेगानाः मध्यपूर ठिमी-०३, भक्तपूर, नेपाल।<br>फोन नं.ः ०१-५९२०२१५<br>इमेलः nikoenergy2018@gmail.com |
| **प्रस्तावको व्यहोरा** | यस माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजना रन अफ रिभर (RoR) किसिमको आयोजना हो र यसको कुल क्षमता ९ मेगावाट रहने छ। यस आयोजना अन्तर्गत भुरुण्डी खोलामा बाँध बाँधी १.८ घनमिटर प्रति सेकेन्ड पानीलाई र महाबिर खोलामा बाँध बाँधी ०.७८ घनमिटर प्रति सेकेण्ड पानीलाई छुट्टाछुट्टै इन्टेक, ग्राभेल ट्राप हुँदै सेटलिङ्ग बेसिनसम्म पुऱ्याइनेछ। भुरुण्डी खोलाको पानीलाई २६६० मिटर लामो हेडरेस पाइप र महाबिर खोलाको पानीलाई १९३४ मिटर हेडरेस पाइप मार्फत सर्ज पाइप रहने स्थानमा पुऱ्याइनेछ। त्यसपश्चात जम्मा २.५८ घनमिटर प्रति सेकेण्ड पानीलाई ६८६ मिटर लामो पेनस्टक पाइपको सहायतामा विद्युतगृहमा झारिनेछ। पानीलाई उत्पादनका लागि प्रयोग गरिसकेपछि टेलरेसको माध्यमबाट महाविर खोलामा खसालिनेछ। उत्पादित विजुलीलाई भने १० कि.मि. लामो ३३ के.भी. प्रशारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको मोदी सब-स्टेशनमा जोडिनेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिका** | कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ९ पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. १ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकः**<br>**प्रस्तावकको नामः निको इनर्जी लिमिटेड**<br>**ठेगानाः मध्यपूर ठिमी-०३, भक्तपूर, नेपाल।**<br>**फोन नं.ः ०१-५९२०२१५**<br>**इमेलः** nikoenergy2018@gmail.com | **परामर्शदाताः**<br>**रिसोर्सेस ल्याब प्रा.लि.**<br>**नयाँ बानेश्वर, काठमाण्डौं।**<br>**फोन नम्बर : ०१-५२४४३३३**<br>**इमेल :** info@resourceslab.org |